## सम्वत् २०८२ साल मंसिर ३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. प्रदेश योजना आयोग, कोशी प्रदेशको उपाध्यक्षको राजिनामा स्वीकृत गर्ने तथा रिक्त उपाध्यक्ष पदमा श्री तारानाथ निरौला, विराटनगर, मोरङलाई नियुक्ति गर्ने।

२. कोशी प्रदेश विधायन विधेयक तर्जुमाको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. पर्यटन, वन तथा वातावरण मन्त्रालयः Bangkok Thailand मा २०-२३ January, २०२६ मा आयोजना हुने Regional Capacity Building Workshop on Forest Financing कार्यक्रममा सहभागीताका लागि प्रदेश सचिव डा. ईन्द्र प्रसाद सापकोटालाई मनोनयन गर्ने।

## सम्वत् २०८२ साल मंसिर १२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेश दलित अधिकार विधेयक तर्जुमाको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२. पर्यटन, वन तथा वातावरण मन्त्रालयः पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

३. नेपाल सरकारको मिति २०८२ बैशाख ८ गतेको निर्णयबाट कोशी प्रदेश सरकारको प्रमुख सचिव पदमा पदस्थापना भइ मिति २०८२ बैशाख १५ गते देखि मिति २०८२ मंसीर १३ गतेसम्म कार्यरत रहनु भएका चन्द्रकला पौडेलको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०८/०८ को निर्णयानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवमा सरुवा भएकोले निजले प्रमुख सचिवको भूमिकामा कुशलतापूर्वक कार्यसम्पादन गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै आगामी कार्यकाल अझ सफल बनोस् भनी शुभकामना व्यक्त गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*